नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

पत्र संख्याः- ०८२।८३
चलानी नं.:- ५५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३।०१।०४
नेपाल सम्वतः ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

विषयः श्रम संसार प्रणालीमा आबद्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरूलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्बन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आबद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जब एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०४

उत्तम शर्मा
शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा,
सूचना website मा upload गर्नै।
२०८३।०१।०८

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल,गुल्मी
दर्ता नं.: ३६००
दर्ता मितिः २०८३।१।०८

# इस्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मिति- २०८३/०१/०८

श्री निजी क्षेत्र / रोजगारदाता सबै,
श्री रोजगार एजेन्सी सबै,
श्री तालिम प्रदायक संस्था सबै,
श्री सहकारी संस्था सबै,
श्री गैरसरकारी संस्था सबै ।

विषय: श्रम संसार (Shramsansar) प्रणालीमा आवद्ध हुने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ५५, मिति २०८३/०१/०४ को प्राप्त पत्रानुसार सार्वजनिक सेवा प्रवाहमा डिजिटलाइजेशन गरी श्रम तथा रोजगारसँग सम्बन्धित सेवाहरू एकद्वार प्रणाली 'श्रम संसार (Shramsansar)' मार्फत सञ्चालन गर्ने निर्देशन बमोजिम यस गाउँपालिका क्षेत्रभित्र रहेका निजी क्षेत्र/रोजगारदाता, रोजगार एजेन्सी, सहकारी संस्था, गैरसरकारी संस्था तथा तालिम प्रदायक संस्थाहरूले मिति २०८३/०१/१५ गते भित्र श्रम संसार प्रणालीमा आवद्ध भई श्रम तथा रोजगार सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरू उक्त प्रणालीमार्फत अनिवार्य रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

श्रम संसार प्रणालीमा आवद्ध हुनका लागि श्रम संसारको वेबसाइट shramsansar.gov.np वा मोबाईलमा Play Store/ App Store मार्फत डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

२०८३/०१/०८
..........................
राजन पराजुली
प्रमुख प्रशासकीय अधिकृत